# नेपाल सरकार

प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर

## शुभकामना सन्देश

**'दिगो विकास लक्ष्य प्राप्तिका लागि प्रतिबद्धता: अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यबद्धता'** भन्ने नारासहित आज नेपालमा ३२ औं अन्तराष्ट्रिय अपाङ्गता दिवस मनाइँदैछ। हामी प्रत्येक वर्ष डिसेम्बर ३ का दिन यो दिवस मनाउँदै आइरहेका छौं। यस दिवसका सन्दर्भमा फरक क्षमताका सम्पूर्ण देशबासीप्रति आफूले उठाउँदै आएका मुद्दाहरुमा सफलता प्राप्तिका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

हाम्रो देश नेपालमा अपाङ्गता भएका व्यक्तिहरुलाई कानूनी रुपमा अधिकारसम्पन्न बनाइएको छ। उनीहरुको पूर्ण र समान सहभागिता सुनिश्चित गर्नुका साथै समाजको हरेक क्षेत्रमा र विकासमा समावेशिताका लागि विभिन्न अभियानहरु सञ्चालन पनि भइरहेका छन्। समाजले उनीहरुको अवस्थालाई हेर्ने दृष्टिकोणलाई रुपान्तरण गर्दै विकासको मूल प्रवाहमा सहभागिता गराउने कार्यमा कन्ज्युस्याँई हुनु हुदैन। फरक क्षमता भएका व्यक्तिका लागि शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता पक्षमा प्रभावकारी ढङ्गबाट क्रियाशील रहनु हामी सबैको दायित्व हो। यसका साथै, हरेक स्थानमा निर्माण गरिने भौतिक संरचनाहरु, सार्वजनिक यातायातका साधन,सडक,सेवा प्रवाह गरिने सार्वजनिक निकाय एवम् विभिन्न कार्यस्थललाई अपाङ्गमैत्री बनाइनुपर्दछ।

अन्तमा, अपाङ्गता भएका व्यक्ति, यस क्षेत्रमा क्रियाशील सरकारी तथा गैरसरकारी निकाय लगायत हामी सबैलाई भिन्न क्षमता भएका नागरिकको पक्षमा सदैव क्रियाशील रहन यो दिवसले उर्जा मिलोस् भन्दै पुनः एक पटक शुभकामना व्यक्त गर्दछु।

**२०८० साल मङ्सिर १७ गते, आईतबार।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**